# शिखर इन्स्योरेन्स कम्पनी लि.

**केन्द्रीय कार्यालय:** शिखर बिंज सेण्टर, थापाथली, पोष्ट बक्स नं. ११९३३, काठमाडौं, नेपाल
फोन नं. ४२४६१०१, ४२४६१०२, फ्याक्स: ९७७-१-४२४६१०३
E-mail: shikharins@mos.com.np, Web: www.shikharinsurance.com

## मार्गस्थ नगद बीमालेख

यस बीमालेखको अनुसूचीमा उल्लेखित बीमितले **शिखर इन्स्योरेन्स कम्पनी लि.** (यसपछि बीमक वा कम्पनी भनिने) लाई उल्लेखित मितिमा यस करारको आधार मानिने बीमा प्रस्ताव र उद्घोषण समाविष्ट गरी बीमा अवधिभित्र यसमा उल्लेख भए बमोजिमको कुनै घटना, नोक्सानी वा क्षतिबाट हुन सक्ने हानि-नोक्सानी बिरुद्ध बीमाको लागि लाग्ने बीमाशुल्क सहित निवेदन दिएको प्रमाणित गरिन्छ। यस बीमालेखले प्रमाणित गर्दछ कि यस बीमालेखमा निहित भएका वा समर्थन गरिएका शर्त वा अपवादको अधीनमा रही यस कम्पनीले अनुसूचीमा उल्लेख गरिएको अवस्था वा परिस्थितिमा बीमितलाई बीमा अवधिभित्र बीमितको स्वामित्वमा वा निजको जिम्मामा रहेको रुपैयाँ, पैसा नगद (नगद, बैंक नोट, ड्राफ्ट, चेक, हुलाक आदेश, धनादेश र प्रचलित हुलाक टिकट) को हानि-नोक्सानीको क्षतिपूर्ति प्रदान गर्न मन्जुर गर्दछ।

### अपवाद

यस बीमालेख अन्तर्गत देहायको अवस्थामा दायित्व हुने छैन।

(क) नगदको सम्बन्धमा अनुसूचीमा बयान गरिएको परिधि वा अवस्थामा बीमितको कुनै कर्मचारीको अनैतिक वा बेइमानी क्रियाकलापको कारणले।

(ख) लेखा श्रेस्ताको गल्तीको कारणले।

(ग) बगलीमाराको कारणले।

(घ) हूलदंगा, नागरिक उपद्रव, हडताल वा कामदारद्वारा तालाबन्दी, कामदार गडबडी वा अन्य कानून विपरीत, भूकम्प, युद्ध, अतिक्रमण विदेशी शत्रुताको कार्य, सैनिक वा शक्ति अपहरण, कब्जा, गृहयुद्ध, विद्रोह, क्रान्ति, सैनिक विप्लव वा लूटपीट, ध्वंश वा आगजनी अवस्था वा यस्ता घटनाबाट उत्पन्न हुने खतरा।

(ङ) आणविक विकीरण अथवा आणविक इन्धन वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सिर्जना हुने कानूनी दायित्व वा त्यस्तै हानि-नोक्सानी वा जेसुकै कारणले हुन जाने खर्च वा जुनसुकै संपत्तिको ध्वस्त वा खराबी। यस अपवादको प्रयोजनको लागि स्वत: जारी (सेल्फ सस्टेन) रहने अणुको विच्छेदनको ज्वलनता (कम्बस्सन) लाई समेत जनाउँछ।

(च) नोक्सानीको घटना घटेको समयमा भवन बन्द गरिएको तर नगद तालाबन्दी सेफ वा कोठामा नराखेमा।

(छ) अनुसूचीमा उल्लेखित भौगोलिक क्षेत्र बाहेक अन्य स्थानमा नोक्सानीको घटना घटेमा।

(ज) सेफ वा कोठाबाट सोको साँचो वा बीमितको जिम्मामा रहेको कोष साँचोको प्रयोगबाट नगदको हानि-नोक्सानी भएको, तर यस्ता साँचोको प्राप्ति धम्की वा बलजफ्तीबाट गरी हानि-नोक्सानी पुऱ्याएको बाहेक हुनेछ। सेफमा रहेको सम्पूर्ण नगद राशीको सूची उक्त सेफमा नराखी त्यही सेफ राखेको कुनै स्थानमा सुरक्षित साथ राख्नु पर्नेछ। कम्पनीको दायित्व बीमालेखमा तोकिएको कुल रकममा नबढ्ने गरी चोरी भएका समयमा सेफमा रहेको नगदको अभिलेखले देखाएको वास्तविक रकमभन्दा बढी हुने छैन भन्ने कुरा मन्जुर गरिन्छ।

### शर्त

(१) बीमालेख र अनुसूचीलाई एउटै करारको रूपमा मानिनेछ। र बीमालेख वा अनुसूचीमा उल्लेख भएको कुनै शब्द वा अभिव्यक्तिको अर्थ यस बीमालेखमा जहाँ सुकै भए तापनि यथावत अर्थ लाग्नेछ।

(२) यस बीमालेख अन्तर्गत कम्पनीको लिखित सहमति बिना, बीमितको अधिकार हस्तान्तरित हुने छैन।

(३) बीमितले बीमा गरिएको रकमको सुरक्षाको सम्बन्धमा सम्पूर्ण उचित पूर्व सावधानी अपनाउनु पर्नेछ र यस बीमालेख अन्तर्गत दावी पर्ने वा सोको संभावना भएको कुनै घटना घटेको अवस्थामा बीमितले

   (क) प्रहरीलाई सूचना दिनु पर्ने छ र जुनसुकै दोषी व्यक्ति पत्ता लगाउन तथा सजायँ दिन र नगद खोज्न तथा पुन: प्राप्त गर्न सम्पूर्ण व्यवहारिक कदम अपनाउनु पर्नेछ।

   (ख) कम्पनीलाई लिखित सूचना दिनु पर्नेछ र त्यसपछि सात दिनभित्र कम्पनीमा लिखित दावी पेश गर्नु पर्नेछ। सोको साथै उचित रूपमा आवश्यक पर्ने सम्पूर्ण विवरण र प्रमाणहरू पेश गर्नु पर्नेछ। घटना घटेपछिको चौध दिनभित्र कम्पनीलाई सूचना नगरिएको कुनै हानिप्रति कम्पनी कुनै प्रकारले पनि जवाफदेही हुने छैन।

(४) कम्पनीले कुनै पनि समयमा आफ्नो खर्चमा यस बीमालेख अन्तर्गत दावी परेको कुनै नगदको क्षतिपूर्ति रकम पुन: प्राप्त गर्न बीमितको नाममा कानूनी उपायहरू अपनाउन सक्ने छ र यस प्रयोजनको लागि बीमितले सम्पूर्ण आवश्यक सहयोग दिनु पर्नेछ। यसपछि हानि-नोक्सानी वापत दावी भुक्तानी गरिए बराबरको जुनसुकै रुपैयाँ पैसाको लागि कम्पनी हकदार हुनेछ।

(५) परिवहन जोखिमको सम्बन्धमा स्वीकार गरिने बीमाशुल्क तथा नबीकरण बीमाशुल्क प्रत्येक बीमा अवधिको लागि यस बीमालेखको अनुसूचीमा उल्लेखित नगद रकमको आधारमा निर्धारित गरिनेछ। मार्गस्थ जोखिम समावेश गरिएको नगद स्थानान्तरण गर्दा सोको एउटा उचित अभिलेख राख्नु पर्नेछ। बीमितले कम्पनीलाई जुनसुकै समयमा पनि यस्तो अभिलेख निरीक्षण गर्न दिनु पर्नेछ र बीमा अवधि समाप्त भएको मितिले एक महीनाभित्र, यस बीमालेख अन्तर्गत उक्त अवधिमा बीमा गरिएको मार्गस्थ जोखिममा रहेको सम्पूर्ण रकमको ठीक हिसाब कम्पनीलाई प्रदान गर्नु पर्नेछ। अनुमानित रकमको आधारमा बीमाशुल्क भुक्तान गरिएकोमा सो अनुमानित रकम र यथार्थ रकममा फरक पर्न आएमा यसबाट फरक पर्न गएको बीमाशुल्क समानुपातिक हिसाबले बुझाउने वा सोही अनुपातमा फिर्ता लिने गरी समायोजन गरिनेछ। तर बीमाको कुनै एक अवधिभित्र यस्ता बीमा गरिएको मार्गस्थमा रहेको नगदको सम्बन्धमा कम्पनीलाई भुक्तान गर्नु पर्ने बीमाशुल्क अनुसूचीमा उल्लेखित बीमाशुल्कको पचहत्तर प्रतिशतभन्दा कम हुने छैन।

(६) यदि कुनै क्षति भएको समयमा बीमितले वा बीमितको तर्फबाट कुनै नगदको सुरक्षाको लागि अन्य कुनै बीमा गरिएको भएमा कम्पनीको दायित्व, यसपछि यस्तो क्षतिको निर्धारित अनुपातमा मात्र सीमित हुनेछ। यदि यसै बीमालेख अनुरूप बीमा गरिएको कुनै रकम पूरा गर्नको लागि अन्य कुनै बीमा गरिएको छ र त्यसमा यस बीमालेख, पूर्ण वा आंशीक रूपमा समान रूपले लागू नहुने प्रावधान छन् वा क्षतिको मूल्यांकन गर्नबाट रोक्ने प्रावधान छन् भने कम्पनीको दायित्व यहाँ बीमा गरिएको रकमको मूल्यको अनुपातिक क्षतिमा मात्र सीमित हुनेछ।

(७) कम्पनीले बीमितको अन्तिम ठेगानामा हुलाकबाट पठाएको सात दिने सूचनाद्वारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस सन्दर्भमा कम्पनीले बीमितलाई यो बीमालेख लागू हुन बाँकी अवधिको लागि आवश्यक पर्ने बाँकी बीमाशुल्कको समानुपातिक भाग फिर्ता गर्नेछ।

(८) यो बीमालेख अन्तर्गत भुक्तानी गर्नु पर्ने रकममा कुनै किसिमको बिबिधता खडा हुन आएमा (अन्यथा प्रवेश गरिएको दायित्वमा) प्रचलित बीमा ऐन बमोजिम हुनेछ।

(९) यस बीमालेख अन्तर्गत आई पर्ने कुनै पनि दावीको फछ्र्यौट र भुक्तानी काठमाडौंमा गरिनेछ र सम्पूर्ण कार्यविधि काठमाडौंभित्र हुने छ र यस्तो दावीको कानूनी कारवाही नेपालभित्र काठमाडौंको न्यायालयमा गरिनेछ।

(१०) यस बीमालेखको शर्त, शर्तनामा र समर्थनको उचित पालन वा परिपालन बीमितद्वारा गर्न आवश्यक वा तामेली गर्नु कुनै कार्यसित सम्बन्धित हुनेछ। उक्त बीमालेखमा संलग्न बयान र जवाफको सत्यता नै यस बीमालेख अन्तर्गत भुक्तान गर्नुपर्ने कम्पनी दायित्वको लागि शर्तनामा लागू हुनेछ।